# ९ धर्मगुरुको रुपमा पावलको अनुरोध

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* गलाती ४:१२-२०, १ कोरन्थी ११:१, फिलिप्पी ३:१७, १ कोरन्थी ९:१९-२३, २ कोरन्थी ४:७-१२।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "मेरा भाई बहिनीहरू हो, म तिमीहरूलाई आग्रह गर्दछु। तिमीहरूलाई पनि म जस्तै हुन अनुरोध गर्दछु। किनभने म पनि तिमीहरू जस्तै भएको थिएँ।" (गलाती ४:१२ रूपान्तरित)।

पावलले कडा भाषा मार्फत आफ्ना तर्कहरू प्रस्तुत गर्दै गलातीहरूलाई पत्र लेखेको हामीले पढ्यौं। पावलले आफ्नो सुरू गरेको चर्चप्रति अत्यन्त संवेदनशील र भावात्मक भएर त्यो पत्र लेख्दा उनको हृदयमा चर्चले भोगिरहेको आत्मिक संघर्षप्रति उनी कत्तिको गम्भिर रहेछन् भनेर त्यस पत्रले देखाउँदछ। धेरै धार्मिक विषयवस्तुहरूलाई पावलले सम्वोधन गरेको हामी पाउँछौं। तर चर्चले अपनाउनुपर्ने उचित शिद्धान्त वा शिक्षा पनि अत्यन्त महत्त्वपूर्ण छ भनेर उनको पत्रले देखाउँदछ। यदि कसमा मात्र होइन, केमा विश्वास गर्नु पर्छ भन्ने सरोकारको विषय होइन भने पावलले अत्यन्त गम्भिर भएर भित्री हृदयदेखि नै भावविभोर भएर त्यो पत्र किन कोर्नु परेको होला त? त्यसकारण यो कुरालाई आत्मसात् गर्नु जरुरी छ, सुसमाचारको वरिपरि खडा भएका सबै शिक्षादिक्षा तथा प्रश्नहरूमा शिक्षित हुनु अत्यन्त महत्त्वपूर्ण सत्य हो। यसको अर्थ कसलाई मात्र होइन केमा विश्वास गर्नु हाम्रो धर्म हो।

आफ्नो विषयवस्तुलाई पावलले गलाती ४:१२-२०मा निरन्तरता दिएको पाउँछौं। तर विश्वासीहरूलाई प्रस्तुत गर्ने आफ्नो शैली केहि हदमा परिवर्तन गरिएको पाउँछौं। गलातीहरूको गलत धारणालाई औंल्याउँदै पावलले धेरै वौद्धिक स्तरमा आफ्ना तर्कहरू प्रस्तुत गरेका थिए। अब उनी व्यक्तिगतरूपमा र धर्मगुरु वा पास्टर भएको हैशियतले गलातीका विश्वासीहरूलाई अनुरोध गर्दै पत्रलाई अगाडि बढाउँदछन्। झुठ्ठा र नकावधारी धर्मगुरुहरूले गलातीहरूको

सत्य हितप्रति सरोकार राखेका थिएनन्। तर पावलले तिनीहरूप्रति आफू कत्तिको संवदेनशील र चिन्तित भएको देखाउँदछन्। फर्केर गएका आफ्ना विश्वासीहरूप्रति आफू असल गोठालो भएको महशूस गराउँदै तिनीहरूलाई प्रेम देखाउँदछन् र तिनीहरूप्रति आशावादी भएको पनि देखाउँदछन्। केवल ठिक शिक्षा वा प्रवचनमात्र दिएर धार्मिक भाषण पावलले दिएको पाउँदैनौं। तर आफूले प्रेम गरेको समूहको सेवा गर्न पनि आफू कत्तिको तत्पर भएको उनले देखाउन खोजेको पाउँछौं।

## १. पावलको हृदय (गलाती ४:१२-२०)

पावलको गलाती ४:१२-२०मा उल्लेखित सन्देशको मूल विषयवस्तु के हो?

पावलको आफ्नो मन कत्तिको भारी भइरहेको रहेछ भनेर निजीरूपमा चिन्ता व्यक्त गर्दै पद १२मा उनले ती विश्वासीहरूलाई हार्दिक अपिल गरेको पहिलो यस्तो उदाहरण हो। गलातीहरूलाई आफू जस्तो हुन प्रोत्साहन गरेको लगत्तै उनले त्यो आग्रह गरेका हुन्। ग्रीक भाषामा उनले प्रयोग गरेको शव्द डियोमेआई deomai हो। यसको अनुवादमा कतिपयले ठिकसँग गरेको पाइन्दैन। यसको अर्थ "जोडसँग आग्रह गर्नु" वा "विन्तिभाउ गर्नु" भनेर अनुवाद गर्न सकिन्छ। तर ग्रीक भाषामा अझ यसको कडा अर्थ लाग्छ (२ कोरन्थी ५:२०, २ कोरन्थी ८:४, र २ कोरन्थी १०:२ पढ्नुहोस्)। पावलको मनलाई बुझ्ने हो भने उनले यो भन्न खोजिरहेको हामी पाउँछौं, "म अनुनय बिन्तीभाउ तथा निवेदन गर्दैछु।"

केवल शिक्षादिक्षमा मात्र पावलको चासो थिएन। उनको सेवाकार्यले गर्दा जुन मानिसहरू ख्रीष्टमा बिश्वास गरेका थिए, पावलको हृदय तिनीहरूको जीवनसँग बाँधिएको थियो। ती मानिसहरूको बीचमा आफूलाई केवल मित्र वा बाइबल सिकाउने शिक्षक भनेर पहिचान गराउन उसले चाहेका थिएनन्। उनीहरूको निम्ति उनी आत्मिक पुर्खा थिए। ती गलातीका विश्वासीहरू उनका आत्मिक सन्तान थिए। त्यत्तिमात्र नभएर गलातीका बिश्वासीहरूप्रति उनको त्यहि चिन्ता थियो जसरी सुत्केरी व्यथा लागेको आमालाई आफ्नो जन्मिने बच्चाको निम्ति हुन्छ (गलाती ४:१९)। जब उनले बिगतमा त्यस चर्च सुरु गरेका

थिए, त्यसबेला स्वस्थ गर्भवतिले जस्तै उनले सुरक्षित रूपमा बच्चा जन्माएको जस्तो अनुभव भएको उनले ठानेका थिए। तर गलातीका विश्वासीहरू सत्यबाट बिचलित भए अर्थात् बाटो बिराएर गएका थिए। त्यसकारण फेरि आफूलाई उनीहरूको निम्ति सुत्केरी व्यथा लागेको जस्तो अनुभव आफूलाई भइरहेको पावलले महशुस गर्नु परेको कुरा तिनीहरूलाई गुनासो मार्फत पोख्याइरहेको पाइन्छ। यसको अर्थ तिनीहरूको आत्मिक स्वास्थ्य असल र सुरक्षित होस् भनेर उनको चाहना थियो भनेर आफ्नो मन पोखाएका थिए।

पावलले गलाती ४:१९मा यो पिडा यसरी पोखाउँछन्, "मेरा साना बालकहरू हो, ख्रीष्ट तिमीहरूमा नबनिनुभएसम्म म फेरि प्रसव वेदनामा छु।" आफ्नो यो कष्ट पोखाउँदा पावलको लक्ष्य गलातीहरूको निम्ति के थियो? उनले तिनीहरूको निम्ति गरेको अथक प्रयासको परिणाम उनीहरूबाट तिनले के चाहेका थिए?

गलातीहरूलाई आफ्नो कोखमा बोके भनेर पावलले पहिलो वयान गरेको पाउँछौं। अनि ती गलातीहरू आफै पनि आफू जस्तै आमा भएको उनले त्यहि कुराको अपेक्षा गरेका थिए। ती गलातीहरू आफ्नो कोखमा कसरी हुर्किए भनेर शव्दचित्रद्वारा पावलले उनीहरूलाई बुझाउन खोजेको थियो। उनले प्रयोग गरेको शव्द चिकित्सकले एक आमालाई उनको कोखमा बच्चा कसरी हुर्किरहेको छ भनेर बुझाउने खालको नै थियो। चर्चमा एक इसाई हुनु भनेको के हो भनेर पावलले त्यस उदाहरणद्वारा वर्णन गरेको पाउँछौं। येशूको पछि लाग्नु भनेको केवल मुखलेमात्र घोषणा गर्ने होइन। त्यस व्यक्तिको जीवनमा ठूलो आमूल परिवर्तन भएर येशू जस्तै हुनुपर्दछ। इसाई जीवनमा येशूको निति समावेश हुनुपर्दछ। गलातीहरूमा "केवल साना साना नगन्य परिवर्तन भएको पावलले हेर्न चाहेका थिएनन्। बरू तिनीहरूको परिवर्तन यस्तो महान् होस् कि तिनीहरूको स्वभाव वा चरित्र येशू जस्तै भएको होस्।"-लियोन मोरीस, गलेशियनस् (डाउनरस् ग्रोभ, इलिन्वास्ः इन्तरभर्सिटी प्रेस, १९९६), पृ. १४२बाट रूपान्तरित।

तपाईंको जीवनमा येशूको चरित्र कुन कुन् तरिकाबाट झल्किरहेको छ? तपाईंको इसाई स्वभाव अझ कत्तिको बिकसित हुनु जरुरी छ?

## २. अनुकरणीय उदाहरण बन्न चुनौति (१ कोरन्थी ११:१)

१ कोरन्थी ११:१मा पावल यो आग्रह गर्दछन्, “मेरो अनुसरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुसरण गर्दछु।" उक्त पद र गलाती ४:१२ र देहायका पदहरूमा पावलले के भन्न खोजिरहेका छन्? उनले गरेको त्यस आग्रहको मूल विषयवस्तुलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्ः फिलिप्पी ३:१७, २ थेस्सोलोनी ३:७-९ र प्रेरित २६:२८,२९। उनका ती विषयवस्तुलाई कसरी बुझ्ने?

पावलले आफ्ना पत्रहरूमा धेरै पल्ट येशूभक्तहरूलाई उनको चरित्रको अनुसरण गर भनेर उत्साहित गराएको पाइन्छ। विश्वासीहरूले कस्तो असल उदाहरणको अनुसरण गर्नुपर्छ भनेर देखाउन प्रत्येक परिस्थितिमा आफूलाई नै त्यस उदाहरणको नमूना प्रस्तुत गरेको पाइन्छ। अरूलाई बोझ नदिइ आफ्नै हातले काम गरेर आफ्नो जीवन धान्नुपर्छ भनेर थेस्सोलोनिकाका विश्वासीहरूलाई उनी आह्वान गर्दछन् र आफैले त्यसको उदाहरण भएर कसरी देखाइरहेका थिए भनेर २ थेस्सोलोनी ३:७-९ले देखाउँदछ। अरूको हितलाई प्राथमिकता दिनुपर्दछ र त्यसको उदाहरण आफू कसरी भएको छ भनेर कोरन्थीका विश्वासीहरूलाई १ कोरन्थी ११:१मा आह्वान गर्दछन्। तर गलातीका विश्वासीहरूलाई आफ्नो चिन्ता वेग्लै ढँगले प्रस्तुत गरेको पाउँछौं।

गलाती ४:१२मा गलातीहरूलाई उनको उदाहरणको अनुसरण गर्नु भनिएको छैन बरू तिनीहरू उनी जस्तो होउन् भनेर आग्रह गर्दछन्। देखावटीपनामा होइन, उनी नै हुनु भनेर पावलले चर्चा गरिरहेको देखिन्छ। किन त? किन आफू जस्तो अरूहरू पनि उत्साहित हुन् भनेर पावलले चाहना व्यक्त गर्दछन्? गलातीका विश्वासीहरूको जीवन कोरन्थी चर्चको जस्तो अधर्मी त थिएन। जुन विषयवस्तु गलातीका विश्वासीहरूलाई सम्वोधन गरिएको छ त्यो विषयवस्तु इसाई धर्मदर्शनको मूल जरा हो। चरित्रमा सुधार गर्नु भन्दापनि चरित्रवान व्यक्तित्व हुनु भन्ने उनको धारणा छ। मैले जस्तो गर भनेर पावलले भनिरहेका छैनन्, तर म जस्तो छु तिमीहरू पनि त्यस्तै वा त्यहि होऊ भनेर पावलको भनाइ थियो। प्रेरित २६:२९मा राजा अग्रीपालाई गरेको आग्रहमा त्यहि शव्दहरू पावलले प्रयोग गर्दछन् जुन् गलाती ४:१२मा गरेका थिए। पावललाई शाही दरवारमा गन्यमान्य व्यक्तिहरूको सामु

मुद्दाको सुनाइको निम्ति हेरोद अग्रीपाको सामु बोलाइएको थियो। आफ्नो जीकिर सुनीरहेको गन्यमान्य व्यक्तित्वहरूलाई पावल आग्रह गर्दछन्, "तपाईं र मलाई सुनीरहनुहुने सबैको निम्ति म परमेश्वरलाई प्रार्थना गर्दछु। तपाईंहरू सबै म जस्तै हुनुहोस् भनेर म प्रार्थना गर्दछु, केवल यी सिक्रीहरूबिना" (रूपान्तरित)। पावलले आफ्नो इसाई अनुभवको गवाही त्यहाँ दिइरहेका थिए। इसाई जीवनको जगको भरोसा केवल ख्रीष्टमा मात्रै छ। ख्रीष्टले उनको निम्ति के गर्नुभयो त्यसमा उनको विश्वास थियो तर व्यवस्थाका कामहरूमा होइन। गलातीका विश्वासीहरूले येशूभक्तहुनुभन्दा पनि आफ्नो आनी-वानीमा बढि प्राथमिकता दिइरहेका थिए।

तर आफू जस्तो हुनु भनेर पावलले कस्तो हुने भन्ने कुरा खुलासा गरेको हामी पाउँदैनौं। तर येशूभन्दा पनि धार्मिक रितिथिति वा व्यवस्था वा संस्कारमा केन्द्रिभूत भएका गलातीहरूप्रति पावल चिन्तित थिए। येशू ख्रीष्टमा आफूले पाएको प्रेम, आनन्द, स्वतन्त्रता र मुक्ति तर अरू सबै निरर्थक भन्ने कुराको ख्याल राखेर नै गलातीहरूलाई उनी जस्तो हुन् भनेर अनुरोध गरेका थिए (फिलिप्पी ३:५-९)। अरूको आत्मिक जीवनमा भर नपरी गलातीहरू आफैले पावलको जस्तै आत्मिक अनुभव प्राप्त गर्न सकुन् भन्ने उनको चाहना थियो।

के तपाईंको जीवनमा येशूबाहेक कोहि यस्तो व्यक्ति छ जो तपाईंको निम्ति असल उदाहरण बनेको छ? यदि छ भने त्यस व्यक्तिका के गुणहरू छन् जसलाई तपाईंले औधि मनपराउनुहुन्छ? ती गुण वा स्वभावहरूको अनुसरण तपाईंले के गर्न सक्नुहुन्छ?

## ३. तिमीहरू जस्तै म भएँ (१ कोरन्थी ९:१९-२३)

गलाती ४:१२ पदको अन्तिम भागलाई प्रस्तसँग बुझ्न १ कोरन्थी ९:१९-२३मा पावलले औंल्याएको कुराले कसरी मद्दत गर्दछ? (प्रेरित १७:१६-३४, १ कोरन्थी ८:८-१३ र गलाती २:११-१४ पनि पढ्नुहोस्)।

झट्ट हेर्दा गलाती ४:१२ले हामीलाई केहि अलमलमा पार्न सक्छ। यदि पावल गलातीहरू जस्तै भइसके भने तिनीहरूलाई पनि आफू जस्तो किन हुन किन आह्वान गरिएको त?

अघिल्लो बुँदामा हेरिसक्यौं कि गलातीहरूले पनि आफूले जस्तै मुक्तिको निम्ति ख्रीष्टमा पूर्ण विश्वास वा भरोसा राखुन् भन्ने उनको चाहना थियो। यथार्थमा पावल यहूदी जातका थिए। तर आफूचाहिँ अन्यजाती गलातीहरू जस्तै भएको छु भनेर उनको दावी थियो। आफू किन अन्य जाति वा गैर-यहूदीको समूहमा समावेश भए भने व्यवस्था नपाएका बिदेशीहरूले पनि सुसमाचार सुन्ने अवसर मिलोस भनेर नै आफूलाई ती जातीमा सरिक गराएको भनेर पावलले आफ्नो तर्क प्रस्तुत गर्दछन्। गैर-यहूदीहरूको निम्ति महान प्रचारक भएर पावलले दुवै यहूदी र गैर-यहूदीहरूलाई सुसमाचार कसरी प्रचार गर्ने भनेर उनले सिकेका थिए। सुसमाचारको सारतत्व बदिलिएको थिएन। तर कुन खालका मानिसहरूलाई कसरी सुसमाचार सुनाउन कस्तो खालको बिधि अपनाउनुपर्दछ भन्ने ज्ञानलाई आत्मसात् गर्दै आफ्नो तरिकाहरूमा उनले परिवर्तन गरेको पाइन्छ।

"मानिसहरूको संस्कार वा संस्कृति र अनुभवप्रति संवेदनशीलभएर सुसमाचर प्रचार गर्नेमा पावल प्रथम् व्यक्तित्व थिए।"- टीमोथी जर्ज, द न्यु अमेरिकन कमेन्टरीः गलेशियनस् (नाशभिल, टेनस्सीः ब्रडमान एण्ड होलमान पब्लिशरस्, १९९४), पृ. ३२१बाट रूपान्तरित।

मानिसहरूको अनुभव र आवश्यकताको आधारमा सुसमाचार प्रचार गरिन्दा त्यसको सिमाना कतिसम्म हुनसक्छ भनेर पावलले १ कोरन्थी ९:२१मा गरेको टिप्पणीले गरेको छ। अर्थात् सुसमाचारमा कुन हदसम्म अरूको रहनसहनलाई समावेश गर्न सकिन्छ भन्ने कुरा प्रत्येक प्रचारकले ध्यान दिनुपर्दछ। यहूदी र गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गर्न सबैलाई स्वतन्त्र छ भनेर पावलले भन्दछन्। तर स्वतन्त्र भयो भन्दैमा जथाभावी वा अवैध जीवनशैली अपनाउन कुनै पनि येशूभक्तलाई छुट छैन भन्ने कुरालाई उनले औँल्याएका छन् । यो किनभने, येशूभक्त अब येशूको व्यवस्था वा कानूनमा रहेको हुन्छ।

मानिसहरूको जीवनशैलीमा ठिक्क हुने गरेर सुसमाचार समावेश गर्नु सधैं सजिलो छैन। "तर सत्यको खिलाफमा सम्झौता नगरि सुसमाचारको मौलिक सत्यमा हामी अडिग रहनु अत्यन्त आवश्यक छ। यस्तो प्रतिवद्धतामा रहन पावलले गरेको सुसमाचारको शैलीलाई हामीले

आत्मसात् गर्न जरुरी छ।"- टीमोथी जर्ज, द न्यु अमेरिकन कमेन्टरीः गलेशियनस् (नाशभिल, टेनस्सीः ब्रडमान एण्ड होलमान पब्लिशरस्, १९९४), पृ. ३२१, २२बाट रूपान्तरित।

सबैलाई खुशी पार्न चाहनेले सबैसँग सम्झौता गर्दै हिँडिन सजिलो छ, छैन त? कहिलेकाहिँ जति धेरै पुरानो इसाई भयो त्यत्ति धेरै सजिलोसँग मेलमिलापको लागि इसाई मौलिक सत्यहरूलाई पन्छाउन सजिलो हुनसक्छ। यो किन हुन्छ होला? तपाईँको हृदयलाई खोतलेर हेर्नुहोस्। तपाईँको जीवनमा कतिसम्म सम्झौता घुस्न सफल भएको? त्यसका के के बहाना छन् त? परमेश्वरको नाउँलाई सर्वोपरि राख्ने यस्तो खालको नितिबाट कसरी अलग बस्ने? त्यो नितिलाई तपाईँले कसरी बदल्नु सक्नुहुन्छ? वा बदल्न चाहनुहुन्छ त?
१७५

## ४. त्यसबेला र अहिले (गलाती ४:१३)

सुरूमा पावलको सम्वन्ध गलातीका विश्वासीहरूसँग अत्यन्त मार्मिक र हार्दिक थियो। तर तिनीहरू उनीबाट भड्किएर गएपछि एक आपसको सम्वन्धमा चिसोपना र अपठ्यारो महशुस हुन थालेको थियो। पहिलो पटक गलाती शहरमा पावलले प्रचार गरेको उनले सम्झन्छ। तिनीहरूले उनलाई अत्यन्त सौहाद्र हृदयले सत्कार गरेका थिए। उनीप्रति देखाएको सदभावनालाई उनले हृदयदेखि प्रशंसा गरेको पाइन्छ। तर अब के भयो त? त्यो स्वर्गको अनुभव दिने सम्वन्ध किन सेलाएर गयो त?

आफ्नो शरीरको अश्वस्थताले गर्दा प्रथम सुसमाचार गलातीहरूको बिचमा पावलले सुनाएका थिए भनेर गलाती ४:१३मा उनले भन्दछन्। तर पहिला गलातीहरूलाई सुसमाचार प्रचार गर्ने उनको योजना थिएन भनेर उनले व्यक्त गरेको कुराबाट स्पष्ट देखिन्छ। तर सुसमाचार प्रचार गर्ने दौरानमा उनलाई कुनै खालको बिमारले च्यापेको हुनसक्छ। यो बिमारले गर्दा कि त यात्राको सिलसिलामा गलातीमा बस्न वाध्य भएका थिए वा आफ्नो रोगबाट राहत पाउन गलातीमा गएका थिए। उनको के रोग थियो भनेर हामीलाई थाहा छैन। यो रहस्यमय नै छ। कसैले भन्छ, शायद उनलाई औलो ज्वरोले

च्यापेको हुनुपर्दछ। पावलप्रति अत्यन्त स्नेह देखाएकोले ती गलातीहरूले आफ्नो आँखा पनि उनलाई दिन तयार भएका थिए भनेर आभारित हुँदै उनले भन्दछन्। यसले गर्दा उनको आँखाको रोगले च्यापेको थियो भनेर कसै कसैले भन्दछन्। हुनसक्छ उनको शरीरमा काँडा भिजेको कारणले उनी बिरामी भएका थिए भनेर पनि कसैले तर्क गर्दछन्। किनभने उनी आफैले शरीरमा भिजेको काँडालाई उल्लेख गरेका थिए (२ कोरन्थी १२:७-९)।

जे भएपनि पावल कुन बिमार लागेको थियो भनेर हामीलाई थाहा छैन। तर उनमा भएको बिमार अत्यन्त नरमाईलो थियो जसले गर्दा गलातीका विश्वासीहरू हैरानी भएका थिए। बाइबलको समयमा कोहि बिमार हुन्छ भने त्यसलाई परमेश्वरको श्राप भनेर बिश्वास गरिन्थ्यो। बिमार परमेश्वरको रीसको प्रतिक थियो र त्यो देखाउन मानिसलाई बिमारी पारेर सजायँ दिएको थियो रे (यूहन्ना ९:१,२, लूका १३:१-४)। पावलको बिमारले गर्दा ती गलातीहरूले उनको सुसमाचार नसुन्ने बहाना सजिलो हुन सकेको थियो र त्यस्तो मानिसको कुरा के सुन्ने भनेर उनलाई लत्याउन पनि सक्थ्ये। तर त्यसो नगरि तिनीहरूले दिल खोलेर उनलाई सत्कार गरेका थिएनन्। किन त भन्दा? उनले क्रुसको बारेमा प्रचार गर्दा उनीहरूको हृदय अत्यन्त न्यानो भएको थियो (गलाती ३:१)। अनि पवित्र आत्माको सक्रियतामा तिनीहरूले सुसमाचारलाई ग्रहण गरेको थियो। तर अब समय बितेपछि तिनीहरूमा के भयो त जसले गर्दा तिनीहरूको हृदय चिसोले भरियो?

रमेश्वरको अनुमतिमा पावलले पाउनपर्ने दु:खको कारण के थियो त? हेर्नुहोस्ः रोमी ८:२८, २ कोरन्थी ४:७-१२ र २ कोरन्थी १२:७-१०। आफ्नै जीउमा समस्या भोग्दै सँघर्ष गरिरहनुपर्ने पावलले अरूको कसरी सेवा गर्न सक्थ्ये र?

हो, पावलको शारीरिक समस्या के थियो, सो हामीलाई थाहा छैन। तर जे भएपनि त्यो समस्या गम्भिर थियो। आफ्नो समस्याको लागि उनले सजिलैसँग परमेश्वरलाई दोष दिन सक्थ्ये र सुसमाचारको प्रचार गर्ने काम उनले त्यागी दिनसक्थ्ये। तर पावलले ती दुवै कुरा अपनाएनन्। बरू आफ्नो दु:खको परिस्थितिलाई परमेश्वरको निम्ति अवसरको रूपमा लिए। यस कष्टले गर्दा परमेश्वरको अनुग्रहमा पूरा

भरपर्न उनलाई मौका मिलेको थियो। "सुसमाचारलाई द्रुतगतिमा अघि सार्न परमेश्वरले समय समयमा मानिसहरूको जीवनमा विभिन्न कष्ट आउन दिएर तिनीहरूलाई प्रयोग गर्नुभएको थियो। बिमार, सतावत, गरीबी र दैविप्रक्रोपहरू पनि परमेश्वरको अनुग्रह र दया देखाउने माध्यम हुन गएको पाइन्छ।" -टीमोथी जर्ज, द न्यु अमेरिकन कमेन्टरीः गलेशियनस् पृ. ३२३, २४बाट रूपान्तरित।

तपाईंले भोग्नु परेको दुःख, कष्ट आदिले कसरी परमेश्वरमा भर पर्ने गराउँछ? (त्यसको बिकल्प अरू छ त?)

## ५. सत्य बोल्ने प्रतिवद्धता (गलाती ४:१६)

"मैले सत्य कुरा भनेकोले के म तिमीहरूको शत्रु हुनगएको छु र?" भनेर मार्मिक वचन गलाती ४:१६ पावलले भनेकोमा त्यहाँ के प्रभावकारी कुरा लुकिएको छ? के तपाईंको जीवनमा पनि तपाईंले यस्तै अनुभवहरू भोग्नुभएकोछ? (यूहन्ना ३:१९, मत्ती २६:६४,६५ र यर्मिया ३६:१७-२३ पनि पढ्नुहोस्)।

हाम्रो समयकालमा "सत्य बोल्नु" भनेको नकारात्मक रूपमा प्रायजसो लिइन्छ। बिशेष गरेर मानिसको हृदय खोतल्ने गरेकोलाई "तितो सत्य" भनेर चिनिन्छ। सत्य कुरा बोल्दा मानिसको हृदयमा चोट पनि पर्न सक्दछ। प्रायजसो तथ्य जत्तिसुकै अप्रिय वा चाहना नगरेको भएतापनि त्यसलाई बोल्नु आवश्यक हुनसक्दछ। पावलले मायालु तरिकाले गलातीका विश्वासीहरूलाई आफू तिनीहरूप्रति कसरी चिन्तित भएका थिए भनेर गलाती ४:१२-२० र गलाती ६:९,१०मा उल्लेख गरेका छन्। यदि त्यसरी उनले नबोलेको भए, पावलको केवल सुसमाचारमात्र प्रचार गर्ने चासो मात्र रहेछ तिनीहरूलाई मायाचाहिँ नगर्ने भनेर मानिसहरूले भन्न सक्थ्ये। सुसमाचारको सत्यताको निम्ति पावलले कस्तो प्रतिवद्धता जनाएका थिए भनेर गलाती २:५,१४मा उल्लेख गरिएकोछ। सुसमाचार प्रचारमात्र होइन ती गलातीहरूप्रति उनको माया कस्तो थियो भनेर ती पदहरूले देखाउँदछन्। कसैले गालि गरेमा वा सजायँ दिएमा दुःख नमान्ने को होला? आमाबाबुले आफ्ना छोराछोरीलाई सम्झाउँछन्, गाली गर्छन् र सजायँ दिन्छन्। त्यो तिनीहरूकै हितको लागि हो। आमाबाबुले माया गरेकै कारणले छोराछोरीहरूले

कहिलेकाहिँ गाली खानु पर्दछ। त्यसरी नै हामीले कसैलाई सम्झाउँछौं वा गाली नै गर्छौं भनेपनि त्यस व्यक्तिको भलाईको निम्ति गर्दछौं किनभने उसप्रति हामी चासो राख्दछौं। त्यस व्यक्तिले हामीप्रति रीस देखाएतापनि वा उसको मनमा चोट परेतापनि जेसुकै होस् भन्ने नियतले उसलाई सम्झाउँदैनौं। त्यस व्यक्तिकै हितलाई नै ध्यानमा राखेर सत्य कुरा बोल्नु जरुर छ भनेर हामी सुनाउँछौं।

पावलसँग असहमत हुनेहरू वा उनको खिलाफमा बोल्नेहरूको बारेमा पावलले गलाती ४:१७-२०मा के भन्छन्? ती मानिसहरूमा भएको सुसमाचारको ज्ञानलाई मात्र नभएर अरू कुन कुराको विषयमा पावलले चुनौति दिइरहेको पाइन्छ?

पावलको सुसमाचार निडर र इमान्दारी थियो। उनी गलातीहरूलाई अत्यन्त रीस उठाउने गरि बोल्न सक्थे। पावलका बैरीहरूले गलातीहरूको मन आफूहरूतिर फर्काउन भरमग्दुर प्रयास गरिरहेका थिए। तिनीहरूलाई सत्यबाट भड्काइरहेका थिए। ती बैरी तथा नकावधारी इसाईहरूले गलातीहरूलाई माया गरेको कारणले त्यो प्रयास गरिरहेको थिएन तर आफ्नै स्वार्थ सिद्धको निम्ति उनीहरूलाई आफूतिर तान्न खोजिरहेका थिए। “तिमीहरूलाई अलग पार्न खोजेको छ" वा “मबाट छिनाल्न खोजिरहेको छ" (रुपान्तरित) भनेर उनले आफ्ना बिरोधीहरूको भण्डाफोर गर्न खोजेको अर्थ ठ्याक्कै के हो स्पष्ट त छैन। हुनसक्छ, ती गैर-यहूदीहरूले खतना नगरुञ्जेल सुसमाचारको आशिषको अनुभव गर्न सकिन्दैन भनेर सुसमाचारको आनन्दबाट ती बिरोधीहरूले गलातीहरूलाई बँचित गराउन खोजेको होलान्।

तपाईंले सत्य बोल्दा कोहि मानिस रीसाएको थियो भने त्यस बेलाको कुरालाई याद गर्नुहोस्। यसबाट तपाईंले के सिक्नुभयो जसले गर्दा पछि सम्झाउँदा अझ होस गरेर बोल्नुपर्ने हुन्छ?

## उपसंहारः

थप जानकारीः “सुसमाचारको विशुद्ध सन्देशलाई बिथोल्न गलातीका चर्चहरूमा सामान्य भएको थियो। विश्वासको सत् जग येशूको बिकल्पमा नकावधारी यहूदी-इसाईहरूले यहूदी धर्मको पुरानो संस्कारलाई चर्चमा भित्राउन खोज्दै थिए। संस्कार वा परम्परालाई पालन गरेर मुक्ति

पाइन्छ भन्ने खतरापूर्ण धर्मदर्शनले गलातीहरूमा प्रभाव पारिरहेको कारण तिनीहरूलाई स्पष्ट चेलावनी दिनु आवश्यक छ भनेर पावलले देखेका थिए।

“ख्रीष्टको प्रत्येक सेवकले पावलको शैली अपनाउनु धेरै महत्त्वपूर्ण छ। सुसमाचार प्रचारकले बिभिन्न मानिसहरूको हितलाई ध्यानमा राखेर तिनीहरूको परिस्थिति अनुसार तिनीहरूसँग काम गर्नुपर्दछ। मृदु स्वभाव, मिठो बोली वचन, धैर्यता, निर्णायक र वचनमा अडिगता जस्ता गुणहरू परमेश्वरको सेवकमा हुनुपर्दछ। तर ती सबै असल तथा न्यायपूर्ण तरिकाले प्रयोग गर्नुपर्दछ। बिभिन्न बिचारधारका मानिसहरू, विभिन्न परिस्थितिहरूमा बुद्धिमतापूर्वक काम गर्नुपर्दा पवित्र आत्माको बुद्धी र ठिक वेठीक छुट्याउने दक्षताको आवश्यकता हामीलाई चाहिन्छ...

“परमेश्वरको शक्तिलाई थाहा पाउनेहरूले फेरि सत्य सुसमाचारप्रतिको प्रेममा फर्कन पावलले आफ्ना विश्वासीहरूलाई विन्ति गर्दछन्। वेजोड तर्कहरूलाई तेर्स्याएर ख्रीष्टमा स्वतन्त्र हुन पुरुष र महिलालाई पावलले आह्वान गर्दछ। प्रभुमा नै मात्र मुक्ति पाउँदा कत्तिको आशिष हुन्छ भन्ने धारणालाई पावलले तिनीहरूबीच प्रस्तुत गर्न खोजिरहेको देखिन्छ। यदि ख्रीष्टको क्षमाशील अनुग्रहलाई ग्रहण गरेर उहाँमा जीवन समर्पण गरियो भने तिनीहरूले उहाँको धार्मिक पोशाक पहिरन अर्थात् पवित्र हुने अवसर पाउँछन्। प्रत्येक व्यक्ति जसले मुक्ति पाएको छ त्यसले परमेश्वरका कुराहरूमा सत्य र व्यक्तिगत अनुभव गर्न सक्छ भनेर पावलले दावी गरेको पाइन्छ।

“पावलले गरेको अनुरोध बेकार भएको त थिएन। पवित्र आत्माले शक्तिशालीतरिकाबाट काम गर्नुभएको थियो। अनौठो वा सुसमाचार बिपरित अनौठो शिक्षाहरूतिर लागेका धेरै विश्वासीहरू पहिलाको सुसमाचारको विश्वासमा फर्केका थिए। पछि गएर ख्रिष्टले दिनुभएको स्वतन्त्रतमा तिनीहरू अडिग भएर बसे।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्, पृ. ३८५, ३८६,३८८बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. सारा दु:ख कष्टको बारेमा गहिरिएर सोच्नुहोस् र त्यसलाई परमेश्वरले कसरी प्रयोग गर्नुहुन्छ त्यो पनि सोच्नुहोस्। दु:ख कष्टबाट कुनै राम्रो कुरा निकासा नभएको परिस्थितिमा तपाईंको सोचाई कस्तो हुन्छ?

ख. हामीभित्र येशूको रूप बिकसित हुनु भनेको तर्कको बारेमा सोच्नुहोस्। यसको अर्थ के हो? हाम्रो जीवनमा येशूको ढाँचा ढालिरेहको छ भन्ने कसरी थाहा पाउने? हामीले सोचेको समयमा येशूको रूप हामीभित्र भएन भने त्यसबाट निराश नहुन के गर्ने?

**सारांश:** बादबिवादलाई बौद्धिक रूपमा सामना गरेपछि, पावलले अब अझ व्यक्तिगत र भावनात्मक वा मार्मिक तरिकाबाट गलातीहरूलाई आग्रह गर्दछन्। उनको सरसल्लाहलाई सुन्न हार्दिक अनुरोध गर्दछन्। तिनीहरूको आत्मिक पिता भएर सुरूमा उनीसँग तिनीहरूले सकारात्मक सम्वन्ध राखेको सम्झना उनले गराउँदछन्। त्यत्तिमात्र होइन उनीहरूप्रति उनले देखाएको सच्चा प्रेम र चासोको बारेमा पनि उनले ती गलातीहरूलाई सम्झाउँछन्।